मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २८ ◆ अङ्क : १९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ मंसीर २० गते मंगलबार (Tuesday, December 6. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-


## गौरादह नगरपालिकामा निःशुल्क एम्बुलेन्स

**गौरादह, मंसीर १९।** झापाको गौरादह नगरपालिकाले गर्भवती महिलाको प्रसूति गराउन निःशुल्क एम्बुलेन्सको व्यवस्था गरेको छ।

यसै वर्षदेखि शुरु गरिएको यो कार्यक्रममा अहिलेसम्म एक सय ४५ गर्भवतीले सेवा लिएका छन्। गर्भवतीलाई अस्पतालसम्म पुग्न सहज बनाउनका लागि यो कार्यक्रम शुरु गरिएको नगरपालिकाका प्रमुख छत्रपति सुवेदीले बताए।

यो कार्यक्रमले महिलालाई प्रसूति गराउन अस्पतालसम्म पुग्न सहज भएको उनको भनाइ छ।

(बाँकी अन्तिम पृष्ठमा)

## भारतले महाकाली मिच्यो, स्वतन्त्र बाहेकका दलहरु मौन

**काठमाडौं, मंसीर १९।** दार्चुलामा महाकालीको बहाव जवरजस्ती नेपालतिर धकेल्ने भारतीय कदमको विरोधमा स्थानीय नेपाली उत्रिएका छन्।

भारतले सीमानदी महाकालीको बहाव नेपालतिर धकेल्दै पक्की संरचना बनाइरहेको छ। त्यसक्रममा शनिबारदेखि दार्चुलास्थित नेपालीहरु प्रतिकारमा उत्रिएका छन्। प्रतिकारमा उत्रिएका नेपालीमाथि भारतीय पक्षले ढुंगा हानेको थियो। त्यसक्रममा बालबालिकासहित केही नेपाली घाइते भएका छन्।

यसैबीच रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीले उक्त घटनाको निन्दा गरेको छ। महाकालीको बहाव नेपालतिर फर्काउँदै पक्की संरचना बनाएको विरोधमा उत्रिएका नेपालीमाथि पनि आक्रमण भएकोमा रास्वपाले खेद प्रकट गरेको हो।

महाकालीको बहाव नेपालतर्फ धेकेलेर भारतले अनधिकृत पक्की संरचना बनाउँदै गरेकोमा नेपाली नागरिकहरुले त्यसको प्रतिरोध गर्दा भारतीय पक्षबाट हानिएको ढुंगाले खेलिरहेका नेपाली बालबालिकासमेत घाइते भएको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ- रास्वपाले भनेको छ- एक वर्षभित्र ३ पटक ढुंगामुढा भइसकेको समाचारहरु आएका छन्। अन्तर्राष्ट्रिय सन्धि सम्झौता, भारतसँगको हाम्रै द्विपक्षीय सन्धि सम्झौता विपरीत कार्य भइरहँदा पनि सरकार मुकदर्शक बनेर रमिता मात्रै हेरिरहनु हदैसम्मको गैर-जिम्मेवार कार्य हो।

रास्वपाका प्रवक्ता तथा महामन्त्री मुकुल ढकालले यस प्रकरणमा कुनै पनि नेपाली राजनीतिक दल, त्यसमा पनि सरकार सञ्चालनको जिम्मेवारीमा रहेकाहरुले केवल आफ्नो राजनीतिक लाभ हेरेर देशको सीमाना र नागरिकको जीवन रक्षाको लागि केही नबोल्ने संस्कारले राष्ट्रियता कमजोर हुने गम्भीर जोखिम देखिएको बताएका छन्।

सरकारको गैरजिम्मेवारीले स्थानीय नेपाली नागरिकहरु प्रतिरोधमा उत्रिनु पर्ने बाध्यता बनेको छ- उनले भने- विभिन्न संरचना बनाएर महाकालीको बहाव नेपालतर्फ धकेलिँदा र त्यहाँका स्थानीय नेपाली नागरिकहरु प्रतिरोधमा उत्रिरहँदा ठूलो दुर्घटनाको जोखिम बढाएको छ।'

भारतीय पक्षबाट महाकालीको बहाव परिवर्तन गर्ने, नदी तथा किनारमा अनधिकृत संरचना निर्माण गर्ने, ढुंगामुढा गर्ने जस्ता कार्य आपसी सद्भाव बिगार्ने, दुःखद्, अतिक्रमणकारी र भर्त्सनायोग्य रहेको रास्वपाले विज्ञप्तिमा जनाएको छ।

# कांग्रेस पहिलो पार्टी, एमाले दोस्रो



**काठमाडौं, मंसीर १९।** प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फको सम्पूर्ण नतिजा सार्वजनिक भएको छ।

यही मंसीर ४ गते देशभर एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन सम्पन्न भएको थियो। निर्वाचन आयोगको विवरण अनुसार प्रतिनिधिसभाको प्रत्यक्षतर्फको एक सय ६५ सिटमध्ये नेपाली कांग्रेस ५७ स्थानमा विजयी हुँदै पहिलो दल बनेको छ।

नेकपा (एमाले) ४४, नेकपा (माओवादी केन्द्र) १८, नेकपा (एकीकृत समाजवादी) १०, जनता समाजवादी पार्टी नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी सात/सात, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल चार, नागरिक उन्मुक्ति पार्टी तीन, राष्ट्रिय जनमोर्चा नेपाल, मजदुर किसान पार्टी र जनमत पार्टी एक/एक स्थानमा विजयी भएका छन्। प्रतिनिधिसभामा पाँच स्वतन्त्र उम्मेदवार बिजयी भएका छन्।

आयोगको पछिल्लो तथ्याङ्क अनुसार प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १२ राजनीतिक दलका उम्मेदवार विजयी भएका छन्। प्रतिनिधिसभामा एक सय ६५ प्रत्यक्ष र एक सय १० जना समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था छ।

प्रतिनिधिसभामा कांग्रेसबाट विश्वप्रकाश शर्मा, दीपक खड्का, सीता गुरुङ, डिगबहादुर लिम्बू, सुनीलकुमार शर्मा, डा. शेखर कोइराला, ज्ञानेन्द्रबहादुर कार्की, रामहरि खतिवडा, डा. नारायण खड्का, दिनेशकुमार यादव, तेजुलाल चौधरी, रामकृष्ण यादव, महेन्द्रकुमार राय, देवप्रसाद तिमलसेना, अजयकुमार चौरसिया, रमेश रिजाल, पूर्णबहादुर तामाङ, श्यामकुमार घिमिरे, मोहन आचार्य, रामनाथ अधिकारी, अर्जुननरसिंह केसी, प्रकाशमान सिंह, सन्तोष चालिसे, गगनकुमार थापा, प्रदीप पौडेल, राजेन्द्रकुमार केसी, दुर्लभ थापा क्षेत्री, उदयशम्शेर राणा र मोहनबहादुर बस्नेत विजयी भएका छन्।

यस्तै राजेन्द्र बजगाइँ, टेकबहादुर गुरुङ, रामचन्द्र पौडेल, शङ्कर भण्डारी, राजु थापा, धनराज गुरुङ, शशाङ्क कोइराला, विष्णुकुमार कार्की, योगेश गौचन थकाली, खमबहादुर गर्बुजा, चन्द्रकान्त भण्डारी, सुरेन्द्रराज आचार्य, दीपक गिरी, किशोरसिंह राठोर, सञ्जयकुमार गौतम, विनोदकुमार चौधरी, ऐनबहादुर शाही ठकुरी, दिक्पालकुमार शाही, पूर्णबहादुर खड्का, हृदयराम थानी, बद्रीप्रसाद पाण्डे, पुष्पबहादुर शाह, वीरबहादुर बलायर, डिल्लीराज पन्त, दीलेन्द्रप्रसाद बडू, शेरबहादुर देउवा, नारायणप्रकाश साउद र रमेश लेखक निर्वाचित भएका छन्।

एमालेबाट योगेश भट्टराई, वसन्तकुमार नेम्वाङ, महेश बस्नेत, सुवासचन्द्र नेम्वाङ, देवराज घिमिरे, लालप्रसाद साँवा लिम्बू, केपी शर्मा ओली, राजेन्द्रकुमार राई, ऋषिकेश पोखरेल, भीमप्रसाद आचार्य, भगवती चौधरी, मानवीर राई, अम्बरबहादुर रायमाझी, रामशङ्कर यादव, लीलानाथ श्रेष्ठ, जुलीकुमारी महतो (महासेठ), रघुवीर महासेठ, लक्ष्मी महतो कोइरी, हरिप्रसाद उप्रेती, अच्युतप्रसाद मैनाली, ज्वालाकुमारी साह र राजकुमार गुप्ता निर्वाचित भएका छन्।

कृष्णगोपाल श्रेष्ठ, प्रेमबहादुर महर्जन, गोकुलप्रसाद बाँस्कोटा, महेशकुमार बर्तौला, पृथ्वीसुब्बा गुरुङ, मनबहादुर गुरुङ, विद्या भट्टराई, दामोदर पौडेल वैरागी, पदम गिरी, गोकर्णराज विष्ट, नारायणप्रसाद आचार्य, ठाकुरप्रसाद गैरे, टोपबहादुर रायमाझी, छविलाल विश्वकर्मा, विष्णुप्रसाद पौडेल, वासुदेव घिमिरे, बलराम अधिकारी मङ्गलप्रसाद गुप्ता, सूर्यबहादुर थापा क्षेत्री, सूर्यप्रसाद ढकाल, दामोदर भण्डारी र तारा लामा तामाङ विजयी भएका छन्।

माओवादी केन्द्रकातर्फबाट सुदन किराँती, अमनलाल मोदी, रामकुमार राई, महिन्द्र राय यादव, लेखनाथ दाहाल, हितबहादुर तामाङ, सूर्यमान तामाङ (दोङ), माधव सापकोटा, गङ्गा कार्की, पुष्पकमल दाहाल 'प्रचण्ड', देवेन्द्र पौडेल, पूर्णबहादुर घर्तीमगर, वर्षमान पुन, रेखा शर्मा, महेन्द्रबहादुर शाही, छिरिङ डम्डुल लामा (भोटे), शक्तिबहादुर बस्नेत र जनार्दन शर्मा छन्।

त्यस्तै एकीकृत समाजवादीबाट माधवकुमार नेपाल, कृष्णकुमार श्रेष्ठ, राजेन्द्रप्रसाद पाण्डे, मेटमणि चौधरी, प्रकाश ज्वाला, धनबहादुर बुढा, अम्मरबहादुर थापा, शेरबहादुर कुँवर, भानुभक्त जोशी र प्रेमबहादुर आले, जसपाबाट अशोककुमार राई, नवलकिशोर साह सुँडी, राजकिशोर यादव, वीरेन्द्रप्रसाद महतो, दीपक कार्की, रामसहायप्रसाद यादव र प्रदीप यादव निर्वाचित भएका छन्।

राप्रपाबाट राजेन्द्रप्रसाद लिङ्देन, दीपकबहादुर सिंह, विक्रम पाण्डे, दीपक बोहरा, धवलशम्मशेर राणा, ध्रुवबहादुर प्रधान र ज्ञानबहादुर शाही, राष्ट्रिय स्वतन्त्र पार्टीबाट सोविता गौतम, शिशिर खनाल, गणेश पराजुली, विराजभक्त श्रेष्ठ, तोसिमा कार्की, हरि ढकाल र रवि लामिछाने, लोसपाबाट शरत्सिंह भण्डारी, महन्थ ठाकुर, रामप्रकाश चौधरी र सर्वेन्द्रनाथ शुक्ला विजयी भएका छन्।

यसैगरी नागरिक उन्मुक्ति पार्टीबाट रञ्जिता श्रेष्ठ, अरुनकुमार चौधरी र गङ्गाराम चौधरी, राष्ट्रिय जनमोर्चाबाट चित्रबहादुर केसी, नेपाल मजदूर किसान पार्टीबाट प्रेम सुवाल, जनमत पार्टीबाट चन्द्रकान्त राउत तथा स्वतन्त्र रुपमा योगेन्द्र मण्डल, अमरेशकुमार सिंह, किरणकुमार साह, प्रभु साह र लालवीर चौधरी निर्वाचित भएका छन्।

## प्रदेशतर्फ ४ वटामा कांग्रेस र २ दुई वटामा एमाले पहिलो

**काठमाडौं, मंसीर १९।** सातवटै प्रदेशसभाको तीन सय ३० निर्वाचन क्षेत्रको प्रत्यक्षतर्फको परिणाम सार्वजनिक भएको छ। प्रदेशसभाको प्रत्यक्षतर्फ नेपाली कांग्रेस चार र नेकपा एमाले दुई प्रदेशमा ठूलो दल बनेका छन्।

मधेश, बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशमा कांग्रेस पहिलो पार्टी बन्दा एमाले प्रदेश नं १ र लुम्बिनी प्रदेशमा पहिलो बनेको छ। कर्णाली प्रदेशमा प्रत्यक्षतर्फ कांग्रेस र नेकपा (माओवादी केन्द्र) समान नौ/नौ स्थानमा विजयी भएका छन्। प्रदेशसभामा एक सय ११ स्थानमा विजयी हुँदै नेपाली कांग्रेस ठूलो दल बनेको छ। नेकपा (एमाले)ले ९१, नेकपा (माओवादी केन्द्र)ले ५४, नेकपा (एकीकृत समाजवादी) ले १५, राष्ट्रिय प्रजातन्त्र पार्टी र जनता समाजवादी पार्टी नेपालले ११/११, लोकतान्त्रिक समाजवादी पार्टीले नौ, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीले सात/सात तथा नेपाल मजदुर किसान पार्टी र हाम्रो स्वाभिमान पार्टीले एक/एक स्थानमा जित हासिल गरेका छन्। प्रदेशसभामा १२ स्वतन्त्र उम्मेदवार विजयी भएको निर्वाचन आयोगले जनाएको छ।

प्रदेश नं. १को प्रत्यक्षतर्फको ५६ सिटमा कांग्रेस १७, एमाले २५, माओवादी केन्द्र नौ र एकीकृत समाजवादी दुई तथा मधेश प्रदेशको ६४ सिटमा कांग्रेस १३, एमाले १५, जसपा नौ, लोसपा सात, जनमत पार्टी छ, माओवादी केन्द्र र एकीकृत समाजवादी चार/चार स्थानमा विजयी भएका छन्। मधेश प्रदेशसभामा छ स्वतन्त्र उम्मेदवार विजयी भएका छन्। बागमती प्रदेशसभाका ६६ सिटमा कांग्रेस २५, माओवादी केन्द्र १४, एमाले १३, राप्रपा सात, एकीकृत समाजवादी पाँच तथा नेमकिपा र हाम्रो नेपाली पार्टी एक/एक स्थानमा तथा गण्डकी प्रदेशसभाका ३६ सिटमा कांग्रेस १८, एमाले १२, माओवादी पाँच र एक स्वतन्त्र उम्मेदवार विजयी भएका छन्। लुम्बिनी प्रदेशसभाका ५२ क्षेत्रमा एमाले १८, कांग्रेस १७, माओवादी पाँच, राप्रपा, जसपा, लोसपा र नागरिक उन्मुक्ति पार्टी दुई/दुई, जनमत पार्टी एक तथा तीन स्वतन्त्र उम्मेदवार निर्वाचित भएका छन्।

कर्णाली प्रदेशसभाका २४ सिटमा कांग्रेस र माओवादी नौ/नौ, एमाले पाँच र स्वतन्त्र एक तथा सुदूरपश्चिम प्रदेशसभाका ३२ क्षेत्रमा कांग्रेस १२, माओवादी केन्द्र आठ, नागरिक उन्मुक्ति पार्टी पाँच, एमाले र एकीकृत समाजवादी तीन/तीन तथा एक स्वतन्त्र उम्मेदवार विजयी भएका छन्।

# सजिलोमा नयाँ नेतृत्व



**बिर्तामोड, मंसीर १९।** सजिलो बचत तथा ऋण सहकारी संस्था लिमिटेड बिर्तामोड नपा-५ को अध्यक्षमा काशीनाथ घिमिरे चयन भएका छन्।

संस्थाको १५औं बार्षिक साधारणसभाले घिमिरेको अध्यक्षतामा नयाँ सञ्चालक समिति गठन गरेको हो। समितिको उपाध्यक्षमा गोपालप्रसाद अधिकारी र सदस्यहरुमा राजेन्द्रकुमार पोखरेल, अर्चना पौडेल, गीता खनाल, लक्ष्मी भट्टराई, गायत्रा बराल, रुद्रप्रसाद रेग्मी, ओमप्रकाश लुइँटेल रहेका छन्।

सोही साधारणसभाले लेखा सुपरीवेक्षण समितिको संयोजकमा विष्णुप्रसाद ढकाल र सदस्यहरुमा डुका अधिकारी र राजकुमार शिवालाई चयन गरेको छ।

संस्थाका कार्यवाहक अध्यक्ष गीताराज खड्का(हरि) को अध्यक्षता तथा शिक्षासेवी तथा मानवअधिकारकर्मी डा. रुपक खनालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सदस्य गीता खनालले स्वागत गरेकी थिइन्।

कार्यक्रममा झापा जिल्ला सहकारी संघका पालिका समन्वय समिति बिर्तामोडका सचिव ताराप्रसाद चापागाँई, राष्ट्रिय सहकारी बैंक बिर्तामोडकी रमा सुवेदी, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाका उपाध्यक्ष रामलोचन न्यौपाने, शिवशक्ति बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष युवराज ढकाल लगायतले शुभकामना दिएका थिए।

कार्यक्रममा संस्थाका कार्यवाहक अध्यक्ष खड्काले संस्थाको आय-व्ययसहितको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए। संस्थाको जम्मा शेयरपुँजी एक करोड ६६ लाख ७३ हजार आठ सय रुपैयाँ, निक्षेपतर्फ चार करोड ९६ लाख ४५ हजार सत सय ४२ रुपैयाँ, कर्जा लगानी असुलीमा रहेको रकम सात करोड ४६ लाख ३७ हजार पाँच सय १८ रुपैयाँ रहेको प्रतिवेदनमा उल्लेख छ।

कार्यक्रममा संस्थाका लेखा समितिका संयोजक गोपालप्रसाद अधिकारीले लेखा समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा ज्येष्ठ शेयर सदस्य ७७ वर्षीया शारदादेवी भट्टराई, उत्कृष्ट बालबचतकर्ता आयुस राई, क्रमिक बचतकर्ता रिसभ श्रेष्ठ, साधारण बचतकर्ता चेतन दाहाल, असल ऋणी निर्मला उप्रेती, एसईईमा उत्कृष्ट अविनाश ओली, रोहन खरेल, संगीताकुमारी ठाकुर, प्रेरणा घिमिरे, उत्कृष्ट कर्मचारी विन्दु नेपाललाई पुरस्कृत गरिएको थियो।

सोही कार्यक्रममा संस्थामा बालबचत गर्ने बचतकर्ताहरुलाई शैक्षिक सामग्रीको रुपमा कापी प्रदान गरिएको थियो। कार्यक्रमको सञ्चालन लेखा समितिका संयोजक अधिकारीले गरेको संस्थाका लेखापाल पुष्पराज ढकालले जानकारी दिए।

## दाता राईको सहयोगमा धाम क्षेत्रमा सडक बत्ती

**अर्जुनधारा, मंसीर १९।** झापाको अर्जुनधारा-७स्थित पूर्वको पशुपतिनाथले परिचित अर्जुनधारा जलेश्वर धाम जाने सडकमा सडक बत्ती जडान कार्य सम्पन्न भएको छ।

विभिन्न सामाजिक कार्यमा सक्रिय अर्जुनधारा-४ रातेखाल निवासी मीना राईबाट शनिश्चरे बजार चौक पश्चिम अनुमानित पाँच सय मिटरको क्षेत्रमा जम्मा २१ वटा सडक बत्ती जडान भएको हो। २०७७ सालदेखि शुरु भई तीन चरणमा सम्पन्न भएको उक्त सडक बत्तीको जम्मा लागत पाँच लाख रुपैयाँ रहेको सामाजिक अभियन्ता एवम् दाता राईले जानकारी दिइन्। श्रीमान अमरबहादुर राई र कान्छा छोरा सानु राईसहित आफन्तहरुको स्मृतिमा उनले उक्त सडक बत्ती जडान गरेकी हुन्।

प्रत्येक वर्ष हुने धार्मिक अनुष्ठान र विभिन्न चाडपर्वहरुमा धाममा आउने भक्तजनहरुलाई लक्षित गरेर सडक बत्ती जडानको कार्यलाई छनौट गरेको उनले बताइन्। बालाचतुर्दशीको समयमा धाम प्रवेश गर्ने मुख्य सडक क्षेत्रमा अँध्यारोका कारण देखिएको भक्तजनहरुको पीडाले आफू यो कार्य गर्न उत्साहित भएकी हुँ- उनले थप स्पष्ट पारिन्।

(बाँकी अन्तिम पृष्ठमा)


## कर्मचारी आवश्यकता

यस नेपालको सर्वोत्कृष्ट SOS मेनपावर सर्भिस प्रा.लि.लाई तपसिल बमोजिमको कर्मचारीहरु आवश्यक परेको हुँदा इच्छुक व्यक्तिहरुले तुरुन्त आफ्नो बायोडाटासहित शैक्षिक प्रमाणपत्रहरु तथा एकप्रति फूलसाइजको फोटोसहित निम्न Whatsapp Number मा दरखास्त दिनुहोला।

Whatsapp Number: 9852670477

| विवरण | योग्यता | संख्या |
|---|---|---|
| PRO (Public Relation Officer) (जनप्रतिनिधि) पुरुष | १०+२ वा सोभन्दामाथि कम्प्युटर सम्बन्धी राम्रो दक्षता भएको हुनुपर्नेछ। | २ जना (उमेरः २५ बर्षदेखि माथि) |
| रिसेप्सनिष्ट (महिला) | एसएलसी वा सोभन्दा माथि | १ जना (उमेरः १८ बर्षदेखि ३० बर्षसम्म) |

सम्पर्कः **SOS मेनपावर सर्भिस प्रा.लि.**

शाखा कार्यालय, बिर्तामोड-४ (अतिथि सदन मार्ग)

9851119477/9816975888/9852674299

शाखा प्रबन्धकः लीलाराज बान्तवा



## हाडजोर्नी तथा नशा रोगको सफल उपचार

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक।

**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,**

**दैनिक ओपीडीमा डा. विनय प्रधान, डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा।**

***दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ।***



**हेल्थकेयर इन्टरनेशल कन्सल्ट प्रा.लि.**

काठमाडौ, नेपाल

## कर्मचारी आवश्यकता

यस हेल्थकेयर इन्टरनेशल कन्सल्ट प्रा.लि.ले झापा जिल्लामा सञ्चालन गर्ने कार्यक्रमका लागि निम्न कर्मचारीहरु आवश्यकता भएको हुनाले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ।

**सेवा करार अवधि :** ९ महिना

**कार्य क्षेत्र :** झापा जिल्ला (आफ्नै दुई पाङ्ग्रे साधन र लाइसन्स भएको)

**तलब सुविधा :** मासिक रु. २५०००/-

| पद | संख्या | योग्यता |
|---|---|---|
| CMA | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट CMA / Lab assistant उत्तीर्ण भई सम्बन्धित Counsil मा दर्ता भएको, कम्तीमा १ बर्षको अनुभव भएको |
| Lab Assistant | १ | |

**दरखास्त दिन**

- आवेदनका लागि hicnepal@gmail.com मा mail गर्नु होला।
- **परीक्षाको किसिम :** अन्तरवार्ता
- **पेश गर्नुपर्ने कागजातहरु :** Biodata
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- सम्बन्धित व्यवसायिक परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
- नागरिकताको प्रतिलिपि
- कार्य अनुभव प्रमाणपत्रको प्रतिलिपि

## दाता ...

यसैबीच जडान गरिएको सडक बत्तीहरुको आइतबार एक कार्यक्रमकाबीच उद्घाटन गरिएको छ । अर्जुनधारा-७ वडा समितिका वडाध्यक्ष गोविन्दप्रसाद खतिवडाको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको उपप्रमुख खड्गमाया पराजुली र दाता राईले संयुक्तरुपमा उद्घाटन गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि पराजुली, अर्जुनधारा-४ वडा समिति अध्यक्ष अम्बरबहादुर कटुवाल, अर्जुनधारा-८का वडाध्यक्ष कुमारप्रसाद उप्रेतीलगायतले दाता राईको उक्त कार्यको प्रशंसा गरेका थिए । चतुर्भुज काफ्लेले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन धाम लेखा समितिका संयोजक कृष्णप्रसाद पौडेलले गरेका थिए ।

## गौरादह ...

झापा, मोरङ र सुनसरीसम्मका अस्पतालमा प्रसूति गराउन जाने महिलाका लागि एम्बुलेन्सको व्यवस्था गरिएको नगरपालिकाका स्वास्थ्य सहसंयोजक गोविन्द श्रेष्ठले जानकारी दिए ।

यसैगरी नगरपालिकाले नगर अस्पतालमा समेत विशेषज्ञ सेवा शुरु गरेको छ । तीन चिकित्सकले दैनिक बिरामी जाँच गर्ने गरेको श्रेष्ठले बताए । अस्पतालले ल्याब, जेनरल ओपीडी र कुष्ठरोग सम्बन्धी सेवा दिइरहेको छ । १५ शय्याको यो अस्पतालमा यसै वर्षदेखि स्वास्थ्य बीमा कार्यक्रम शुरु गर्ने नगरपालिकाको तयारी छ ।


## बिमालेख हरायो

शनिश्चरेबाट बिर्तामोड आउने क्रममा यही मिति २०७९/०६/२५ गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.को पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- गुरुभक्त गिरी
**ठेगाना** :- अर्जुनधारा–८, झापा
**पोलेसी नं.**:- २०२०३२२०२
**कम्पनी नाम**: नेपाल लाइफ इन्स्योरेन्स कम्पनी
**सम्पर्क**: ९८४२१०५८३७

## घर बिक्रीमा

बिर्तामोडस्थित पाथीभरा टोल शनिश्चरेरोड हाइवेले छोएको १८ धुर जग्गामा बनेको साढे ४ तलाको कमर्सीयल घर तु–बिक्रीमा छ ।
**सम्पर्क :– ९८६५४२३३७८**

## भिट्टा बिक्रीमा

कनकाई नगरपालिकास्थित पर्यटकीय स्थल जामुनबारी सिमसार जाने बाटोमा घर बस्न उपयुक्त ३५ फुट उक्त र मोडहा भएको १० धुर भिट्टा तु–बिक्रीमा छ ।
मो. ९८४९०६००९९

## डाक्टर आउने बारेको सूचना

**डा. शिवेस चौधरी**
MBBS (TU) MS (BPKIHS)
**वरिष्ट स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
**दैनिक दिउँसो : ३:०० बजेदेखि**

**डा. पिताम्बर ठाकुर**
MBBS MD
**वरिष्ट फिजीसीयन**
**प्रत्येक दिन बिहान ११:००–१:००**
**दिउँसो ३:००–५:०० बजेसम्म**

**नोटः यहाँ भिडियो एक्स–रे, एक्स–रे तथा (पाथोलोजी सेवा उपलब्ध छ ।**

सम्पर्क : **ठाकुर पोलीक्लिनिक**
**बिर्तामोड पश्चिम बस स्टेण्ड (फोन नं. : ०२३–५९०००८)**

## बिमालेख हरायो

धुलाबारीबाट बिर्तामोड आउने क्रममा यही मिति २०७९/०६/२९ गते मेरो निम्न व्यहोराको एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि.को पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- रवीन्द्र कटुवाल
**साविक** :- मेचीनगर–१२, झापा
**ठेगाना**:- वडा नं. ७, झापा
**पोलेसी नं.**:- ५९०९०००१९८८
**कम्पनी नाम**: एशियन लाइफ इन्स्योरेन्स क. लि.
**सम्पर्क**: ९८२४९६८३६० र ९८२७९६९८०७

## बिमालेख हरायो

धुलाबारीबाट चारआली आउने क्रममा यही मिति २०७९/०७/०१ गते मेरो निम्न व्यहोराको एल.आइ.सी. कर्पोरेशन नेपाल लि.को पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- बैजनाथ शाह
**ठेगाना** :- मेचीनगर–०९, झापा
**पोलेसी नं.**:- ६००००४६०३
**कम्पनी नाम**: (एल.आइ.सी) लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
**सम्पर्क**: ९८६२७७५८६८

## बिमालेख हरायो

धुलाबारीबाट बिर्तामोड आउने क्रममा यही मिति २०७९/०७/०२ गते मेरो निम्न व्यहोराको एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि.को पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- शुभम् खत्री
**साविक** :- मेचीनगर–१२, झापा
**ठेगाना**:- वडा नं. ७, झापा
**पोलेसी नं.**:- ५९०९०००१९८७
**कम्पनी नाम**: एशियन लाइफ इन्स्योरेन्स क. लि.
**सम्पर्क**: ९८२४९६८३६० र ९८२७९६९८०७

## घर जग्गा बिक्रीमा

बिर्तामोड नपा वडा नं. १ सिनेप्लाजाबाट पश्चिम खानेपानी टेङ्की जाने पिचरोडको पश्चिमपट्टी छ धुर जग्गामा बनेको टिनको छाना भएको घरजग्गा बिक्रीमा रहेको हुँदा आवश्यक पर्ने महानुभावले सम्पर्क गर्नु होला । **मो. नं. ९८१४००७३५७**

## लागूऔषधरहीत परिवारः स्वस्थ जीवनको आधार

- लागूऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री वितरण तथा सेवन कानूनतः दण्डनीय छ ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलाऔं, अरुलाई पनि लाग्न नदिऔं ।
- स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दूर्व्यसनलाई निरुत्साहन गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा १ नं. प्रदेश, नेपाल

## सूचना ! सूचना !! सूचना !!!

**सूचना प्रकाशित मितिः २०७९।०८।२०**
**प्रस्ताव दर्ता गर्ने अन्तिम मितिः २०७९।०९।०५**

आ.ब. ०७९/०८० मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना विर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखा अन्तर्गत तपशिल क्षेत्रहरुमा निम्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषि समूह/सहकारी/जल/ वन/ उपभोक्ता समिति/ कृषि फर्महरुले आवश्यक कागजातसहित यो सूचना प्रकाशित भएको मितिले १४औं दिनभित्र यस बिर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखामा तोकिएको ढाँचा (अनुसूची १०) अनुसार आवेदन दर्ता गर्नु हुन सम्बन्धित सवैमा जानकारी गराइन्छ । साथै यस बिषयमा थप जानकारीका लागि विर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

**तपशिल :**
क)पकेट कार्यक्षेत्रहरु विर्तामोड नगरपालिका वडा नं. २, ७, ८, ९ र १०,
ख) कार्यक्रम आ.व. २०७८/०७९ मा स्थापना भएको माछा पकेट विकास कार्यक्रमको निरन्तरता ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**
१) सम्बन्धित निकायमा कृषि समूह/ सहकारी संस्था समिति, कृषि फार्म दर्ता तथा नवीकरण भएका प्रमाणपत्रको प्रतिलिपि
२) कार्यकम सञ्चालन हुने स्थान (जग्गा जमिन)को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा
३) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्र को प्रतिलिपि

**बिनोदकुमार न्यौपानेः प्रमुख प्रशासकीय अधिकृत**

## हाम्रो नेपाल बचत तथा ऋण सहकारी संथा लि.

विर्तामोड–४ झापाको

## सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन सम्बन्धी अत्यन्त जरूरी सूचना

संघीय सहकारी ऐन २०७४, प्रदेश सहकारी ऐन २०७५ र हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लि.को विनियम २०६९ संशोधित विनियम २०७८ को परिच्छेद ६ दफा ३६ (१)अनुसार संस्थाको निर्वाचन निर्देशिका २०७३ अनुसार अध्यक्ष–१, उपाध्यक्ष–१, सचिव–१ र सदस्य ६ जना गरी जम्मा ९ जना र सोही विनियमको परिच्छेद ६दफा ४२ (२)अनुसार लेखा सुपरीवेक्षण समितिको संयोजक–१, सदस्य–२ जना गरी जम्मा ३ जनाको निर्वाचन स्वच्छ, पारदर्शी, विवादरहीत प्रजातान्त्रिक तवरबाट आगामी ४ वर्षे कार्यकालका लागि सहकारी ऐनमा व्यवस्था भए अनुसार ३३% महिला अनिवार्य हुने भएकोले सो अनुसार निर्वाचन सम्पन्न गर्न निम्न अनुसारको निर्वाचन कार्यक्रम सम्पूर्ण शेयर सदस्यहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**निर्वाचन कार्यक्रम :**

| सि.नं. | निर्वाचन कार्यक्रम | मिति | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| १. | मतदाता नामावली प्रकाशन | २०७९/०९/१८ | १०:०० | १०: ३० | संस्थाको कार्यालय | |
| २. | मतदाता सच्याउने थप गर्ने छुट समावेश गर्ने | २०७९/०९/१८ | ११:०० | ०१:०० | संस्थाको कार्यालय | |
| ३. | मतदाता नामावली उपर दाबी विरोध | २०७९/०९/१८ | ०१:०० | ०१:३० | संस्थाको कार्यालय | |
| ४. | अन्तिम मतदाता नामावली प्रकाशन | २०७९/०९/१८ | ०१:३० | ०२:०० | संस्थाको कार्यालय | |
| ५. | उम्मेदवारको मनोनयन दर्ता | २०७९/०९/१९ | १०:०० | ०१:०० | संस्थाको कार्यालय | |
| ६. | उम्मेदवारको नामावली प्रकाशन | २०७९/०९/१९ | ०१:०० | ०१:३० | संस्थाको कार्यालय | |
| ७. | उम्मेदवार उपर दाबी विरोध | २०७९/०९/१९ | ०१:३० | ०२:०० | संस्थाको कार्यालय | |
| ८. | दावी विरोध पश्चात पुनःनामावली प्रकाशन | २०७९/०९/१९ | ०२:०० | ०२:१५ | संस्थाको कार्यालय | |
| ९. | उम्मेदवारको मनोनयन फिर्ता | २०७९/०९/१९ | ०२:१५ | ०४:०० | संस्थाको कार्यालय | |
| १०. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०७९/०९/१९ | ०४:०० | ०४:१५ | संस्थाको कार्यालय | |
| ११. | मतदान | पछि सूचना प्रकाशन गरिनेछ | | | | |
| १२. | मतगणना | मतदान भएपछि | | | | |
| १३. | परिणाम घोषणा | गणना समाप्त भएपछि | | | | |

**संयोजक**
**निर्वाचन उपसमिति**


सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

**बिर्तामोड सम्पर्क**
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३–५४६००५




**दमक सम्पर्कः**
**देवी सिटौला**
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## सुवर्ण अवसर

**तपाईको घर, अफिस र गोदाममा,**
# Electrician
# Geyser, A.C, Freeze
# tiles marbel
# computer printer आदिको
# Plumbing
# Carpenter
# CC camera

कुनै पनि सामान चाहिए वा समस्या भए तु–हामीलाई सम्झनुहोस्, हामी तु–समाधान गरिदिन्छौ । नयाँ गिरको बिक्रीसहित जडान पनि गरिन्छ ।

Munna Group pvt.Ltd
Bibek limbu : 9801457750 l Puspa Bhandari 9801457751
Office: 9801450022


## रोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
पहरी गाउँ (प्रदेश नं. १)

## क्याटलग सपिङ विधिबाट मोटरसाइकल खरिद गर्ने सम्बन्धी सूचना

**(दोस्रोपटक प्रकाशन मिति २०७९/०८/२० गते)**

यस कार्यालयको लागि आवश्यक भएको सवारी साधन (मोटरसाइकल) सार्वजनिक खरिद ऐन, २०६३ (संशोधनसहित) को दफा ८ उपदफा १ (क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (दशौं संशोधनसहित) को नियम २१(क) बमोजिम त्यस्तो उपकरण उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरू बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको उपकरणका उत्पादक वा आधिकारिक बिक्रेताले तपसिल वमोजिमको कागजात संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ८औं दिन १२:०० बजेसम्म यस कार्यालयमा निवेदन दर्ता गराउन सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधनसहित) को नियम ३१(क) बमोजिम आव्हान गरिएको छ । पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको खुलेको दिनको १२:०० बजे भित्र निवेदन पेश गर्न सकिने छ ।

म्याद नाघि दर्ता हुन आएको निवेदन उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारीको लागि अनुरोध छ । यस कार्यालयबाट तयार भइ स्वीकृत भएको प्राविधिक स्पेसिफिकेशन कार्यालयको वेवसाइट www.rongruralmun.gov.np मा प्राप्त गर्न सकिने छ ।

**तपसिल**
पेश गर्नुपर्ने कागजातको विवरण ।
१) कम्पनी/फर्म दर्ता र नवीकरण प्रतिलिपि ।
२) करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि
३) उत्पादक कम्पनीबाट तयारी भएको आधिकारिक स्पेसिफिकेशन
४) गुणस्तर मूल्य र सुविधासहितको विवरण क्याटलग वा ब्रोसर

**दीपेन्द्र दाहालः प्रमुख प्रशासकीय अधिकृत**


## बिमालेख हरायो

शनिश्चरेबाट बिर्तामोड आउने क्रममा यही मिति २०७९/०६/२५ गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.को पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- अमृतबहादुर भारती
**ठेगाना** :- अर्जुनधारा–८, झापा
**पोलेसी नं.**:- २०२०३२१७८
**कम्पनी नाम**: नेपाल लाइफ इन्स्योरेन्स कम्पनी
**सम्पर्क**: ९८४२६६७७८३

## बिमालेख हरायो

धुलाबारीबाट बिर्तामोड आउने क्रममा यही मिति २०७९/०७/०५ गते मेरो निम्न व्यहोराको एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि.को पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- हिमाल कटुवाल
**साविक** :- मेचीनगर–१२, झापा
**ठेगाना**:- वडा नं. ७, झापा
**पोलेसी नं.**:- ५९०९०००१९८९
**कम्पनी नाम**: एशियन लाइफ इन्स्योरेन्स क. लि.
**सम्पर्क**: ९८२४९६८३६० र ९८२७९६९८०७


## बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा १ नं. प्रदेश, नेपाल

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

**प्रथम सूचना प्रकाशित मितिः २०७९।०८।२०**

बिर्तामोड नगरपालिका पशुपक्षी तथा मत्स्य विकास शाखाको आ.ब. ०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय वमोजिमको कार्यक्रम कार्यान्वयन गर्न विर्तामोड नगरपालिका, झापाभित्र रहनु हुने इच्छुक कृषक समुह, सहकारी सस्था, व्यवसायिक फार्म/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र पशुपंक्षी तथा मत्स्य विकास शाखामाा प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गर्न नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराइन्छ ।

**विशेष जानकारी :**
१. एकपटक संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तह वा अन्य आयोजनावाट अनुदान लिएका अनुदानग्राही वा एकाघरको परिवारलाई ३ बर्षसम्म अनुदान उपलब्ध गराइने छैन ।

| सि.नं. | कार्यक्रमको नाम | अधिकतम् उपलब्ध हुने अनुदान रकम रु. | प्रस्ताब पेश गर्नसक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|
| १ | चिलिङ्ग भ्याट स्थापना (५०० लिटर) (संख्या २) | लागतको ५० प्रतिशत वा बढीमा १,५०,०००। | दूध संकलन गर्ने सहकारी संस्था, दूध संकलन केन्द्र वा डेरी उद्योगहरु |

**प्रस्तावका साथ संलग्न हुनु पर्ने आवश्यक कागजातहरु :**

| | |
|---|---|
| १ | कार्ययोजनासहित आवेदन पत्र |
| २ | आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि |
| ३ | सम्बन्धित निकायमा दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि (समूह, सहकारी संस्था, पशु फार्मको हकमा ) |
| ४ | पान दर्ता, गत आ.ब.को कर चुक्ता/अडीट रिर्पोटको प्रतिलिपि |
| ५ | कार्यक्रम कार्यान्वयनस्थलको जग्गाको स्वमित्व देखिने कागजातको प्रतिलिपि (धनीपुर्जा र मालपोत तिरेको रसिद), लिजमा लिएको जग्गाको हकमा कम्तीमा १० बर्षको करारनामा वा सम्झौता पत्रको प्रतिलिपि |
| ६ | सम्वन्धित वडा कार्यलयको सिफारिस–पत्र |
| ७ | बिगत ३ बर्षमा प्रस्तावित कार्यक्रमको लागि अनुदान नलिएको स्व. घोषणा–पत्र |
| ८ | समूह/समिति/सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि |
| ९ | लागत साझेदारी गर्ने रकमको श्रोत (बैक स्टेटमेन्ट/बित्तीय संस्थाको प्रतिबद्धता–पत्र) |

**बिनोदकुमार न्यौपानेः प्रमुख प्रशासकीय अधिकृत**

## बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा १ नं. प्रदेश, नेपाल

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

**दोस्रो सूचना प्रकाशित मितिः २०७९।०८।२०**

बिर्तामोड नगरपालिका पशुपक्षी तथा मत्स्य विकास शाखाको आ.ब. ०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय वमोजिमको कार्यक्रम कार्यान्वयन गर्न विर्तामोड नगरपालिका, झापाभित्र रहनु हुने इच्छुक कृषक समुह, सहकारी सस्था,व्यवसायिक फार्म/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र पशुपंक्षी तथा मत्स्य विकास शाखामा प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गर्न नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

**विशेष जानकारी :**
१. एकपटक संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तह वा अन्य आयोजनावाट अनुदान लिएका अनुदानग्राही वा एकाघरको परिवारलाई ३ बर्षसम्म अनुदान उपलब्ध गराइने छैन ।

| सि.नं. | कार्यक्रमको नाम | अधिकतम् उपलब्ध हुने अनुदान रकम रु. | प्रस्ताब पेश गर्नसक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|
| ३ | बंगुर तथा बाख्राको दाना पिस्ने मेसिन बितरण (संख्या ५) | लागतको ५० प्रतिशत वा बढीमा ४०,०००। | कम्तीमा १५ जना सदस्य भएको पशुपालन समुह, सहकारी संस्था, व्यवसायिक पशुपालन फार्महरु |

**प्रस्तावका साथ संलग्न हुनु पर्ने आवश्यक कागजातहरु :**

| | |
|---|---|
| १ | कार्ययोजनासहित आवेदन पत्र |
| २ | आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि |
| ३ | सम्बन्धित निकायमा दर्ता तथा नवीकरण [redacted]माणपत्रको प्रतिलिपि (समूह, सहकारी संस्था, पशु फार्मको हकमा ) |
| ४ | पान दर्ता, गत आ.ब.को कर चुक्ता/अडीट[redacted]को प्रतिलिपि |
| ५ | कार्यक्रम कार्यान्वयनस्थलको जग्गाको स्वमि[redacted] कागजातको प्रतिलिपि (धनीपुर्जा र मालपोत तिरेको रसिद), लिजमा लिएको जग्गाको हकमा कम्तीमा १० बर्षको करार[redacted] |
| ६ | सम्वन्धित वडा कार्यलयको सिफारिस–पत्र |
| ७ | बिगत ३ बर्षमा प्रस्तावित कार्यक्रमको लागि[redacted] |
| ८ | समूह/समिति/सहकारीको हकमा बैठकको [redacted] |
| ९ | लागत साझेदारी गर्ने रकमको श्रोत (बैक [redacted]–पत्र) |

**बिनोदकु[redacted]अधिकृत**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रक[redacted]कोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४[redacted]क : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३–५३१००२/प्रशास[redacted]ail: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# जनमत परिवर्तनको संकेत

**आमनिर्वाचनको परिणाम आइसकेको छ । प्राप्त परिणाम अनुसार कुनै एउटा दलले बहुमत गर्न सकेन । स्पष्ट बहुमत नआएको अवस्थामा संविधानको व्यवस्था अनुसार सबैभन्दा बढी सिट जित्ने दलको हैसियतले नेपाली कांग्रेसले सरकार गठनको गृहकार्य गर्नुपर्नेछ । तर, ऊ एक्लै सरकार बनाउने स्थितिमा नरहेका कारण निर्वाचनमा गठबन्धन गरेका दलहरुलाई लिएर फेरि पनि सरकार गठन गर्नुपर्ने बाध्यता छ । त्यसो गर्दा पनि बहुमतका लागि आवश्यक संख्या अपुग हुने भएपछि प्रतिनिधिसभा सदस्यमा निर्वाचित अन्य दलहरुको समेत सहभागिता अनिवार्य जस्तै छ ।**

**धेरैवटा दल मिलेर बनेको सरकार 'त्रिशंकु' नै हुन्छ । सबैका आ–आफ्ना नीति, सिद्धान्त र स्वार्थ हुन्छ नै । यस्तोमा विगतका उदाहरणबाट शिक्षा लिन सकेनन् मुख्य दलहरुले भने संसद फेरि अस्थिर बन्नेछ । सांसदहरुको किनबेच हुनेछ, जनताका अपेक्षा र दलहरुका प्रतिबद्धता प्रतिकूलको परिस्थितिले आमनागरिकमा वितृष्णा अरु बढेर जानेछ । त्यसै पनि यसपटक मतदाताले परिवर्तनको अपेक्षा गरेको परिणामले देखाएको छ । मतदाताको यो चाहनालाई उपेक्षा गरियो भने अथवा विगतकै अनुशरण गर्दै परिवर्तनको भावना अनुरुप प्रधानमन्त्री चयन गरियो भने मतमा प्रस्तुत असहमति र वितृष्णा आउँदो निर्वाचनसम्म पुग्दा सगरमाथा जस्तै अग्लो हुनसक्छ । त्यसैले प्रधानमन्त्रीदेखि सरकार निर्माण गर्दासम्म भागबण्डा, स्वार्थ र जनभावना विपरीतका आग्रह देखिनु हुँदैन । किनभने जनचाहनालाई आकार दिन नसक्ने दलहरु यसरी नै कमजोर हुँदै जान्छन्, ठूलाहरुलाई चेतावनी दिइसकेका छन्– मतदाताले ।**

**निर्वाचन परिणामले दलहरुको चित्र स्पष्टरुपमा उतारेको छ । प्रत्यक्षतर्फको मतपरिणाम नै उनीहरुको हैसियतको ऐना हो । त्यसले कुनै ठूला दललाई जनादेश दिएको छैन । यस्तोमा बनिने सरकार 'गोजीका मान्छे' वा 'भित्रिया' होइन आमविश्वास कायम गर्न सक्ने राखिनु पर्दछ । त्यसका लागि सम्भावित दलहरुका बीच सरल, सहज, पारदर्शी ढंगले न्यूनतम् साझा सहमति कायम गरिनुपर्छ । राजनीतिक नेतृत्वले आमजनताको विश्वास कायम राख्न सकेका छैनन् । दल र नेताहरुको आचरण र व्यवहार सुध्रिएको छैन, जसका कारण चिन्तामा रहेका मतदाताले आफ्नो चिन्ता, असहमति र वितृष्णा मतपेटिका मार्फत प्रकट गरिसकेका छन् । त्यसैले दलहरुले त्यसलाई आत्मसात गरुन् र जनविश्वास जोगाउन् । शासकीय स्वरुपमा सुधार, काममा प्रगति र नेपाली जनताले समृद्धिको अनुभूति गर्न सक्ने परिस्थिति निर्माण गर्नेतर्फ दलहरु लागून् ।**

# आगामी संसदको कार्यभार

**एकराज पाठक**

भनिन्छ, संसदीय व्यवस्थामा राजनीतिक दलहरु सकभर संसद बाहिरैको अँगेनामा खानेकुरा पकाउने प्रयत्न गर्छन् । यसको अर्थ हो उनीहरु दलीय क्रियाकलाप या राष्ट्रिय मुद्दामै पनि सकेसम्म संसदको सहारा लिन चाहँदैनन् । बरु संसदलाई आफूले बाहिरै पकाएको खानेकुरा पस्किने या भाग लगाउने थलोका रुपमा प्रयोग गर्ने ध्येय दलको हुन्छ । हाम्रा पनि विगतका कैयौं दृष्टान्तले यो वास्तविकताको पुष्टि गर्न मद्दत पुग्नेछ । कुनै दलको आन्तरिकभन्दा पनि दलीय द्वन्द्व या मुद्दाको समाधान संसदबाटै निकाल्न सकिने प्रयासमा दलहरु कमै मात्र लाग्ने गरेका छन् । यस्ता विषय उनीहरु संसद्मा ल्याउँदैनन् र अन्यत्रै आन्तरिक छलफल गर्छन् । संसद्मा बहस र पैरवी कम होस् भन्ने चाहन्छन् र पास या फेल गर्नुपर्ने संसदको बाध्यात्मक प्रयोजन पूर्तिका लागि मात्र त्यहाँ प्रवेश गराउँछन् ।

विगतमा मुलुकका राष्ट्रिय मुद्दामा संसद्मा के-कति छलफल र बहस भयो भनेर खोज्ने हो भने जवाफ भेट्न गाह्रो छैन । संसद्मा व्यापक छलफल या पैरवी हुनुपर्ने कैयौं राष्ट्रिय महत्वका विषय तिनको वैधानिक विधिका लागि मात्र संसद प्रवेश गरेबाट नै यसको पुष्टि हुन्छ । संसद्मा बहुमत प्राप्त कुनै राजनीतिक दलले कानून निर्माणको मुख्य थलो संसद्मा लाहाछाप लगाउनका लागि मात्र यस्ता मुद्दा संसद प्रवेश गराउने र ती विषयमा त्यहाँ व्यापक र आवश्यक मात्रामा छलफल नहुने गरेको नेपालको संसदीय अभ्यासमा यो प्रवृत्ति देख्न सकिन्छ । त्यसैले नेपालमा यस्तो प्रवृत्ति नबढोस् र नेपाली जनता र राष्ट्रिय मुद्दामा संसद्मा नै आवश्यक छलफल होस् भन्ने विषयलाई आगामी संसदले आफ्नो कार्यभारका रुपमा लिनुपर्ने देखिन्छ ।

**विपक्षीको सत्ता संसद**

संसदलाई विपक्षी दलको सत्ताका रुपमा स्वीकारिन्छ । जुनसुकै प्रजातान्त्रिक मुलुकको मान्यता यही हो । यहाँ विपक्षीका आवाज बुलन्द हुन्छन् र त्यो आवाज सत्ताले स्पष्ट सुन्नुपर्छ । त्यसैले संसद्मा सरकारका मन्त्रीहरुको उपस्थितिलाई अनिवार्य मानिएको हुन्छ । सके सबै र नसके कुनै न कुनै मन्त्री संसद्मा उपस्थित हुनुपर्ने व्यवस्था छ । किनभने मन्त्रीहरुले नै संसदका विपक्षी आवाजलाई सरकार समक्ष पुऱ्याउने गर्दछन् । सरकारप्रति या देशका विषयमा विपक्षी दलहरुले के कुरा या माग राखे भन्ने कुरा उनीहरुले सरकारसमक्ष पुऱ्याउँछन् र त्यस विषयमा सरकारले आवश्यक कारवाही अघि बढाउँछ । अनि विपक्षीले जनताका कुरा राखे राखेनन् या संसद्मा राखेका कुरा मन्त्रीले सरकारसम्म पुऱ्याए, पुऱ्याएनन् भन्ने कुराको निगरानी मिडियाले गर्छ । त्यसैले हरेक प्रजातान्त्रिक देशको संसद्मा मिडिया पनि उपस्थित हुन्छ ।

सरकार र संसदका काम कारवाही मात्र नभएर सरकार र दलका क्रियाकलापको पनि मिडियाले चनाखो भई निगरानी गरेको हुन्छ । यसकारण मिडियालाई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका पछिको चौथो अङ्गका रुपमा स्वीकारिएको हो । यसरी संसदभित्रका सांसदका क्रियाकलाप पारदर्शीरुपमा बाहिर आउने गर्दछन् । संसद जनताका मुद्दा उठाउने र मुलुकका लागि कानून बनाउने सार्वजनिक ठाउँ भएकाले संसदभित्र विधायकका क्रियाकलापलाई मिडियाले बढी नै चासोका साथ हेरेको हुन्छ । संसदप्रति नागरिकको चासो पनि अरु निकायमाभन्दा बढी नै देखिन्छ ।

संसद सरकार निर्माण गर्ने निकाय भएकाले आफूले बनाएको सरकारले सही ढङ्गले काम गऱ्यो या गरेन भनेर संसदले निगरानी गर्नुपर्छ । संसद्मा यो काम विपक्षी दलका सांसदको मात्र नभएर सत्तापक्षको पनि हो । सरकारका कामको निगरानी तथा सन्तुलत र नियन्त्रण (चेक एण्ड ब्यालेन्स) गर्न सक्यो भने मात्र त्यो संसदले असल संसदीय अभ्यास गरेको प्रमाणित हुन्छ । अन्यथा त्यस देशको संसद जनताका मुद्दा तथा राष्ट्रिय सरोकारका विषयभन्दा पनि सरकार बनाउने र ढाल्ने अनि अर्को सरकार बनाउनेमा मात्र सीमित हुनेछ । अबको अर्थात् आगामी संसद विगतकै र यस्तै परम्परावादी संसद नबनोस् भन्ने यो आलेखको आशय हो । यतिबेला पहिलेकोभन्दा जनता र राष्ट्रका मुद्दा बग्रेल्ती थुप्रिएकाले पनि आगामी संसदले परम्परा मात्र नधानोस् भन्ने चाह आफूलाई चुन्ने आम मतदाताको रहेकामा सांसदहरु जानकार हुनु जरुरी छ । यो पनि आगामी संसदको अर्को एउटा कार्यभार हो ।

**द्वन्द्व समाधानको थलो**

कुनै पनि देशको निर्वाचन द्वन्द्व समाधानको प्रक्रिया हो भने संसद त्यसको थलो । हिजो हामीले सम्पन्न गरेका कैयौं निर्वाचनको मक्सद विश्लेषण गर्दा यो स्पष्ट हुन्छ । जस्तो कि वि.सं. २०३६ को जनमत संग्रह त्यस समय नेपालमा पञ्चायती व्यवस्था या बहुदलीय व्यवस्था कायम गर्ने भन्नेबारेमा गरिएको थियो । यही विषयमा जनमत संग्रह आवश्यक किन पऱ्यो त ? त्यसको करिब २० वर्षअघि राजा महेन्द्रले मुलुकको पहिलो जननिर्वाचित सरकारलाई अपदस्थ गरेर जबर्जस्तरुपमा पञ्चायती व्यवस्थाको घोषणा गरेका थिए । तर, नेपाली कांग्रेससहित राजनीतिक दलले भने बहुदलीय अर्थात् प्रजातान्त्रिक व्यवस्थाको माग गरेर भूमिगतरुपमा नै आफ्ना क्रियाकलाप जारी राखेका थिए । मुलुकमा प्रजातन्त्रको माग सरकारले थेग्न सक्ने अवस्था नरहेपछि यो प्रस्ताव सरकारबाटै आयो । जनमत संग्रह भयो, पञ्चायती व्यवस्थाले जित्यो ।

निर्वाचन के-कसरी गरियो र त्यसको निष्पक्षता र विधि के थियो भन्ने विषयलाई यो आलेखमा प्रष्ट्याउन गाह्रो पर्दछ । त्यस्तै के त्यो निर्वाचनले त्यसबेलाको सत्ताको समस्या समाधान गर्न सक्यो या द्वन्द्वको समाधान भयो त ? यो प्रश्नको जवाफ पनि यो आलेखको आशय होइन । तर, यहाँ के मात्र भन्न सकिन्छ भने पञ्चायती व्यवस्थाले त्यसबेला कम्तीमा १० वर्ष आयु लम्ब्यायो । त्यो जनमत संग्रहले मुलुकको समस्याको दिगो समाधान या तत्कालको द्वन्द्व समाधान नभए पनि मत्थर पार्ने प्रयत्न भने गऱ्यो । पञ्चायत र बहुदलीय व्यवस्था दुवैले जिते । पञ्चायतले आफ्ना पक्षमा बहुमत पाएको प्रचार गऱ्यो भने यता बीपी कोइराला जस्ता नेताहरुले पनि व्यवस्थाले धाँधलीरहित निर्वाचन गर्न नसके पनि बहुसंख्यक नेपालीले आफ्ना एजेण्डालाई अनुमोदन गरेको महशुस गरे । बहुसंख्यक नेपाली जनताले जनमत संग्रहका माध्यमबाट मुलुकमा बहुदलीय व्यवस्थाको मागलाई अनुमोदन गरेका बहुदलीय नेताहरुले बताए ।

नेपालमा सम्पन्न संविधानसभा निर्वाचन द्वन्द्व समाधानका लागि गरिएको अर्को एउटा निर्वाचन थियो । एक दशकदेखि जारी माओवादी सशस्त्र द्वन्द्वको समाधानका लागि अघि सारिएको एक निकास निर्वाचन थियो । यही निर्वाचन गर्ने सर्तमा माओवादीले १० वर्षे द्वन्द्वको अन्त्यको घोषणा गरे र हतियार र सेनाको व्यवस्थापन गरेर शान्ति प्रक्रियामा आए । संविधानसभा निर्वाचनमा सहभागी उनीहरु सत्तामै पुगे र आफ्नै हातले आफ्ना हतियार र सेनाको व्यवस्थापन गरेर दिगो शान्तिको मार्गमा अघि बढे । सायद द्वन्द्व समाधानको यस्तो सफल उदाहरण संसारमा विरलै भेटिएला । विश्वमा द्वन्द्व विषयका शोधार्थी, विद्यार्थी तथा अनुसन्धान दाताका लागि हाम्रो यो मोडल एक उत्कृष्ट उदाहरण हुनसक्छ । एक दशकदेखि हजारौं नागरिकको ज्यान लिएको र आर्थिक सामाजिकरुपमा देशलाई शिथिल बनाएको द्वन्द्वको समाधान संविधानसभा निर्वाचनपछि मात्र सम्भव भयो ।

जनमतमा कति तागत छ, निर्वाचनको कति महत्व छ भन्ने तथ्य हाम्रै माटोका यी दुई दृष्टान्तले पनि पुष्टि गर्दछन् । त्यसैले आगामी संसदको कार्यभार मुलुकको द्वन्द्व समाधान पनि हो भनेर बुझ्नु जरुरी छ । हामी कहाँ अहिले हतियारको द्वन्द्व छैन, त्यस्तो विवादको व्यवस्थापन गर्नुपर्ने दायित्व यो संसदको काँधमा पनि छैन । तर, मानवीय द्वन्द्व अन्त्यहीन छ भनेर भने बिर्सनु हुँदैन । कार्लमार्क्सको सिद्धान्त जस्तैः जबसम्म मानिसका बीचमा वर्ग रहन्छ त्यतिञ्जेल द्वन्द्व कायमै रहन्छ । त्यसैले आइपरेमा त्यस्तो द्वन्द्वको समाधान एवम् यतिमात्र नभएर कुनै पनि प्रकारका द्वन्द्व उत्पन्न हुनेगरी कानूनको निर्माण नगर्नु पनि द्वन्द्वको समाधान हो । त्यसैले यसका लागि संसदलाई जनताको आवाज गुञ्जिने थलोका रुपमा प्रयोग गरिनुपर्छ ।

जुन देशको संसद्मा बढीभन्दा बढी जनताका आवाज गुञ्जिन्छन् र जनताका आवाजको सुनुवाइ हुनसक्छ ती देशमा आन्दोलन, हिंसा या सडक सङ्घर्ष पनि कमै मात्र हुने गर्दछ । त्यतिमात्र होइन जनताका विद्रोह र आक्रोसलाई पनि मत्थर पार्नसक्ने शक्ति पनि संसदसँग छ । यसैले जनताका असन्तुष्टि र आवश्यकतालाई राज्यका निकायसँग विधायकले जति धेरै 'भेन्टिलेट' गर्नसक्यो र जति धेरै उनीहरुका चासोमा पैरवी गर्नसक्यो त्यति नै मुलुकको द्वन्द्व समाधानमा सहयोग पुग्नेछ । यसकारण संसदीय व्यवस्थामा संसद्लाई द्वन्द्व समाधानको थलोका रुपमा लिइएको हो ।



**राष्ट्रिय सहमति निर्माण**

मुलुक यतिखेर राष्ट्रिय सहमतिको खोजीमा छ । त्यसो त संविधानसभाको निर्वाचनदेखि नै मुलुकले सहमतिको यात्रा तय गरेको हो । त्यसयताका प्रायः सरकार कुनै एक दलको मात्र नभई सहमतिका आधारमा बन्नुले सहमतिको एजेण्डालाई पारित गर्दै आएका हुन् । अर्को कुरा, जबसम्म अहिलेको निर्वाचन प्रणाली कायम रहन्छ त्यतिञ्जेल कुनै पनि राजनीतिक दलले संसद्मा स्पष्ट बहुमत हासिल गरेर एकल सरकार निर्माण सम्भव छैन । यसको अर्थ पनि धेरै दलको सहभागितामा सरकार निर्माण हो र यस्तो सरकारको अर्थ पनि सहमतिका आधारमा देश सञ्चालन गर्नु भनेको हो । यही 'म्यान्डेट' हो यो संसद्को पनि । यसपटक त झन् पहिलो पटक संसदीय यात्रा तय गरेका अनुहार पनि धेरै छन् । उनीहरुको आगामी कार्यकालको सिकाइ हाम्रो संसदीय परम्पराले नै गर्ने भएकाले संसदभित्र उनीहरुले असल शिक्षा पाउने अवस्था बनोस् र पुरानाबाट असल संस्कार सिक्ने संस्कार पनि बस्न सकोस् ।

त्यसैले नेपाल झल्किने विभिन्न जातजाति, भाषा, संस्कृति, भूगोल र इतिहास बोकेका सदस्यको मिश्रण रहेको यो समावेशी संसदले अनेकतामा एकताको सन्देश स्वरुप राष्ट्रिय सहमतिका माध्यमबाट राष्ट्र निर्माणको अभिभारा पूरा गर्न सक्नुपर्ने दायित्व छ । सरकार निर्माण गर्ने यो संस्थासँग कुनै एक दलले मात्र सरकार बनाउने अवस्था नरहेकाले राष्ट्रिय सहमतिको निर्माण प्रमुख दायित्व हो र यसरी सरकार निर्माणका निम्ति निर्मित सहमतिलाई राष्ट्र निर्माणमा समेत कुशल प्रयोग यो संसद्को अर्को कार्यभार हो । देश बनाउन ढिला भइसकेको सन्देश दिएर पछिल्लो जनादेशमार्फत नेपाली जनताले खोजेको सुशासन, द्रूत आर्थिक विकास, राजनीतिक स्थिरता, सरकारको स्थायित्वका लागि तय गर्नुपर्ने यात्रामा पनि राष्ट्रिय सहमतिको निर्माण एक सारथी बन्न सक्नेछ ।

# कालिकापीठमा महायज्ञ शुरु



**बिर्तामोड, मंसीर १९।** कालिकापीठ कालीस्थानको १८औं बार्षिक अनुष्ठान अन्तरगत आयोजित श्रीमद् स्कन्ध महापुराण, महारुद्रीसहित विराट महायज्ञको उद्घाटन गरिएको छ ।

नेपालका ऐतिहासिक प्रथम जगतगुरु अनन्त श्री विभूषित बालसन्त मोहनशरण देवाचार्य महाराजले महायज्ञको उद्घाटन गरेका हुन् । कार्यक्रम जगतगुरु बालसन्त मोहनशरणले स्कन्ध महापुराणमा हिमवत्खण्डको विसद महिमा रहेको उल्लेख गर्दै शिवपुत्र स्वामी कार्तिकेय (कुमार)ले ब्याख्या एवम् प्रचार-प्रसार गरेकाले पुराणको नाम स्कन्ध पुराण रहेको बताए ।

कार्यक्रममा झापाका प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले धार्मिक क्षेत्रको योगदानको मूल्याङ्कन नगरिए पनि धार्मिक/सांस्कृतिक एवम् संस्कृत शिक्षाबाट राष्ट्रका लागि थुप्रै उपलब्धी भएको धारणा राखे । नेपाली कांग्रेस झापाका कार्यबाहक सभापति केशवराज पाण्डे, अर्जुनधाराका नगर प्रमुख बलदेवसिंह गोम्देन, उद्योगपति विकासकुमार दुगढ लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा पीठका अध्यक्ष ज्योतिषाचार्य पं.लक्ष्मीप्रसाद पोखरेलले पीठको विकास र समृद्धिका लागि पहिलो योगदान दलमानसिंह तामाङ (चैनपुरे बा)ले जग्गादानबाट गरेको उल्लेख गर्दै दानदाता, मुष्ठि दानदाता, अन्नदाता, अक्षयकोष दाताहरुको योगदानबाट पीठको विकास सम्भव भएको बताए ।

कार्यक्रममा पीठमा अध्ययनरत् नैष्ठिक ब्राम्हणहरुलाई २०७० सालदेखि निरन्तर अन्नदान गर्नुहुने दाता एवम् प्रतिष्ठित उद्योगी के. एल. दुगढ ग्रुपका विकासकुमार दुगढ, अक्षयकोषका दाताद्वय पं. तुलसीराम दाहाल, पं खडानन्द-डम्बरकुमारी खतिवडालाई सम्मानपत्रद्वारा सम्मान गरिएको थियो । दाहाल र खतिवडाले अक्षयकोषका लागि ५१-५१ हजार रुपैयाँ सहयोग गरेका थिए ।

स्कन्द पुराणका ब्याख्याता एवम् विद्वतवर पं चैतन्यकृष्णको ब्यासत्वमा स्कन्ध महापुराण एवम् वैदिक धर्मग्रन्थका ब्याख्याता आचार्य रघुनाथ रिजालको यज्ञाचार्यत्वमा महारुद्री महायज्ञ हुनेछ भने उपब्यासत्वमा पं.तोयानाथ खनाल, पं.टामन पौडेल, पं.कमल अधिकारी, पं.सन्तोष गौतम रहने बताइएको छ । पीठका उपाध्यक्ष डिल्लीराम दाहालले स्वागत गरेको उद्घाटन कार्यक्रमको सञ्चालन सचिव भोलानाथ पोखरेल र उमाकान्त खनालले गरेका थिए ।

आगामी मंसिर २९ गतेसम्म सञ्चालन हुने महायज्ञ उद्घाटनअघि नौमती बाजागाजासहितको धार्मिक झाँकीले सेतीपानी-जलकन्या-भुवनेश्वर-अर्जुनधारा जलेश्वरधाम-खतिवडाचोक हुँदै पीठमा पुगेर सभामा परिणत भएको थियो ।

# योञ्जनसहित सांगीतिक प्रतिभा सम्मानित

**बिर्तामोड, मंसीर १९।** साहित्य चौतारी झापाले नेपाली सांगीतिक क्षेत्रका विशिष्ट तीन प्रतिभालाई सम्मान गरेको छ ।

नारायण गोपालको ३२औं स्मृति साँझको अवसर पारेर चौतारीले विशिष्ट गायक तथा संगीतकार कर्म योञ्जन, संगीतकार जीवन अधिकारी तथा विष्णु अधिकारीलाई सम्मान गरेको हो ।

सयौं कर्णप्रिय गीतका संगीतकार योञ्जन सिपालु संगीत शिल्पी हुन् । कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ गीतकार शिवशंकर थापा, साहित्य चौतारीका संरक्षक देवीभक्त श्रेष्ठ र उर्मिला विमली, झापाका सहायक प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद न्यौपाने लगायतले सम्मान गरेका छन् ।

लामो समयदेखि साहित्य, संगीत र कलाको क्षेत्रमा अनरवत सक्रिय प्रतिभा जीवन अधिकारी र विष्णु अधिकारीलाई दीर्घ साधना सेवा सम्मान प्रदान गरिएको साहित्य चौतारीका संरक्षक श्रेष्ठले बताए ।

कार्यक्रममा उनलाई अभिनन्दनपत्रसहित दोसल्ला ओढाएर सम्मान गरिएको साहित्य चौतारीका अध्यक्ष हस्त परियारले बताए । कार्यक्रममा गायक विष्णु अधिकारीले नारायण गोपालले गाएका १५ भन्दा बढी गीत प्रस्तुत गरेका छन् ।



कुनै विश्राम नलिई लगातार २० वटा गीत गाएर अधिकारीले नारायण गोपाल स्मृति साँझलाई भव्य र विशिष्ट बनाएका छन् । अदभूत गायन कलाका धनी अधिकारीले साहित्य चौतारीको महाअभियानमा जोडिएर आफ्नो प्रस्तुति राख्न पाउँदा ज्यादै हर्ष लागेको बताए ।

झापाका सहायक प्रमुख जिल्ला अधिकारी न्यौपानेले नारायण गोपाललाई सम्झिने र उनको गायन प्रतिभालाई अनुकरण गरेर लैजाने विष्णु अधिकारी जस्ता प्रतिभाशाली व्यक्तित्वको सधैं खाँचो रहेको औंल्याए ।

कार्यक्रममा कनकाई नगरका प्रमुख राजेन्द्रकुमार पोखरेल लगायतले बोलेका थिए । साहित्य चौतारी झापाकी सचिव खगेन्द्रा खुशीले सञ्चालन गरेको कार्यक्रममा संगीत उपाध्यक्ष दीपक रायमाझीले नारायण गोपालको व्यक्तित्व र सांगीतिक यात्राबारे प्रकाश पारेका थिए ।

मासिक साङ्गीतिक काव्य सभामा नृत्यतर्फ सुरज बराइली प्रथम भएका छन् । साहित्यतर्फ प्रीति बस्नेत प्रथम भएकी छन् । गायनतर्फ अनुकुल निरौला उत्कृष्ट भएको मासिक काव्यसभाकी संयोजक सुनिता तामाङले बताइन् ।

# चम्पापुरमा श्रीमद्भागवत् धान्याञ्चल महायज्ञ



**बिर्तामोड, मंसीर १९।** कनकाई-६ चम्पापुरस्थित श्री गायत्री मन्दिरमा श्रीमद् भागवत् धान्याञ्चल महायज्ञको तयारी गरिएको छ।

राधिका फाउन्डेशनको आयोजनामा आगामी मंसीर २२ गतेदेखि २८ गतेसम्म श्रीमद् भागवत् धान्याञ्चल महायज्ञ गरिने भएको हो। अनाथ, असहाय, विपन्न परिवारका बालबालिकाको पालनपोषण तथा संरक्षण गर्दै उनीहरुलाई गुरुकुलीय शिक्षा प्रदानका लागि झापाको बाह्दशी-७ मा पन्डित भिमप्रसाद तिम्सिना र अम्बिकाप्रसाद तिम्सिना (भिमाम्बिका तिम्सिना)को परिवारले निःशुल्क प्रदान गरेको साढे ११ कठ्ठा जग्गामा भवन निर्माण गर्ने उद्देश्यले महायज्ञको आयोजना गरिएको व्यवस्थापन समितिका कोषाध्यक्ष एवम् राधिका फाउन्डेशनका सल्लाहकार पंकज नेपालले जानकारी दिए।

महायज्ञको प्रमुख कथावाचक विदुषी राधिका दासी रहने र मंसीर २२ गते उद्घाटन गरिने जनाइएको छ। महायज्ञ सफल बनाउन मुक्तिनाथ तिम्सिनाको अध्यक्षतामा महायज्ञ व्यवस्थापन समिति गठन गरिएको छ। समितिको उपाध्यक्षद्वय होमनाथ खतिवडा, गणेश थापा, महासचिव लक्ष्मीप्रसाद ओली उपमहासचिव सीतादेवी बस्नेत, सचिवद्वय कृष्णप्रसाद खतिवडा, दुर्गाबहादुर कटुवाल, कोषाध्यक्ष पंकज नेपाल, सहकोषाध्यक्ष दिनेशकुमार तिम्सिना रहेका छन् भने सदस्यहरुमा ५१ जनाभन्दा वढी रहेका छन्।

त्यस्तै प्रचारप्रसार समितिको संयोजकमा नारायणप्रसाद निरौला रहेका छन् भने मन्दिर व्यवस्थापन समिति तथा विद्यालय व्यवस्थापन समितिका सम्पूर्ण पदाधिकारीसहितको विभिन्न उप-समिति निर्माण गरिएको छ। महायज्ञ सम्पन्न गर्न १५ देखि २० लाख रुपैयाँ खर्च हुने र उक्त रकम विभिन्न दाताहरुबाट संकलन गरिने उनले बताए। श्रीमद् भागवत् धान्याञ्चल महायज्ञमा कथा श्रवणका लागि करिब १० हजार भक्तजन आउने अपेक्षा गरिएको उनले बताए।

# 'न्यानो माया' कार्यक्रम



**पथरीशनिश्चरे, मंसीर १९।** पथरीशनिश्चरेस्थित इलाका प्रहरी कार्यलयको हिरासतमा रहेका बन्दीलाई न्यानो माया कार्यक्रम सञ्चालन गरिएको छ।

पथरी जेसीजको आयोजनामा न्यानो माया कार्यक्रम सञ्चालन गरिएको हो। 'जेसीज सप्ताह ' कार्यक्रम अन्तर्गत हिरासतमा रहेका बन्दीलाई न्यानो माया स्वरुप न्यानोको लागि ओढ्ने कम्मल र मेटसेट वितरण गरिएको पथरी जेसीजका संयोजक काशिहाङ्ग राईले जानकारी दिए।

कार्यक्रममा नगरपालिकाका प्रमुख मोहनप्रसाद तुम्वापो, मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल, मोरङका एसपी शान्तिराज कोइराला र इलाका प्रहरी कार्यालय पथरीका प्रमुख डीएसपी वेदप्रसाद गौतम लगायतको सहभागिता रहेको थियो। अध्यक्ष अनिता राईको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन राजकुमार विकले गरेका थिए।

# लैङ्गिक हिंसाबिरूद्ध अन्तरक्रिया

**पथरीशनिश्चरे, मंसीर १९।** विराटनगरमा लैङ्गिक हिंसाबिरूद्धको १६ दिने लैङ्गिक हिंसा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

विराटनगर-११ स्थित जनपथ माध्यमिक विद्यालयमा 'सभ्य समाजको पहिचान : लैङ्गिक हिंसाबिरुद्धको अभियान' भन्ने नाराका साथ लैङ्गिक हिंसा र मानवअधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम भएको हो।

जिल्ला प्रशासन कार्यालय मोरङका प्रमुख काशीराज दाहालको प्रमुख




आतिथ्यमा जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख प्रहरी उपरीक्षक शान्तिराज कोइराला, १ नं. प्रदेश मानव अधिकार आयोगको प्रमुख पवन भट्ट लगायतको सहभागिता रहेको थियो।


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।



## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।


**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)



नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले
Royal Enfield को पार्टसहरु विशेष छुटमा बिक्री गरिंदैछ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

**पानीटंकीको पहिलो गल्ली बायाँ साइड** सम्पर्क : निशान्त-
८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

***नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ।***
Youtube Channel : Nishat M jotic kendra


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

## मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय

चाकुपाट, ललितपुर

## झण्डाचोक-सर्दुखोला सडकखण्ड स्तरोन्नति एवम् नयाँ निर्माण (७.५८४कि.मि.) को निर्माणका लागि प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सार्वजनिक सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०७९/०८/२०)*

नेपाल सरकार, सडक विभाग, मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयद्वारा प्रदेश नं. १, सुनसरी जिल्ला, बराह क्षेत्र नगरपालिकाको वडा नं.१ र धरान उपमहानगर पालिकाको वडा नं. १७ मा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | | |
|---|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | सडक विभाग<br>मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय<br>चाकुपाट, ललितपुर, फोन नं.: +९७७-१-५२६०१७४, इमेलः mabhpd@gmail.com | |
| **प्रस्तावना नं.** | **प्रस्तावको व्याहोरा** | **प्रभाव पर्ने जिल्ला/न.पा./वडा** |
| १. | मदन भण्डारी राजमार्ग अन्तर्गत यस झण्डा चोक-सर्दुखोला सडकखण्डको लम्बाई ७.५८४ कि.मि. रहेको छ। यो सडकखण्ड प्रदेश १ को सुनसरी जिल्ला, बराह क्षेत्र नगरपालिकाको वडा नं.१ झण्डाचोकदेखि धरान उपमहानगर पालिकाको वडा नं. १७ सर्दुखोलासम्म रहेको छ। यस आयोजनाले हाल कायम ६.१० कि.मि.लम्बाइ र ५.५ मि. चौडाइ रहेको सडकलाई बागखोलामा अवस्थित वर्तमान सडकको दिशा परिवर्तन गरी उक्त खोलाको अपस्ट्रीम (चेनेज ०+८०० देखि २+२८०) थप १.५० कि.मि. नयाँ सडक निर्माण गरी जम्मा ७.५८४ कि.मि.लम्बाइ र ११ मि.चौडाइमा स्तरोन्नति एवम् नयाँ सडक निर्माण गर्नेछ। यस सडकको क्षेत्राधिकार सडकको मध्यरेखाबाट दायाँ-बायाँ २५/२५ मिटर गरी जम्मा ५० मिटर रहेको छ। | सुनसरी जिल्ला, बराह क्षेत्र नगरपालिका वडा नं. १ रधरान उपमहानगर पालिकाको वडा नं. १७ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनका क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका, वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले निम्न मिति र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा सम्पूर्ण सरोकारवाला संघ-संस्था र व्यक्तिहरुमा उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

**सार्वजनिक सुनुवाई कार्यक्रम हुने मिति, समय र स्थान**

| मिति | समय | स्थान |
|---|---|---|
| २०७९/०८/२७ | १०:०० बजे, बिहान | पट्नाली सामुदायक वन उपभोक्ता समिति, धरान-१७, पट्नाली |

**लैङ्गिक हिंसाबिरुद्धको १६ दिने अभियान सञ्चालन भइरहेको छ। हिंसा कसैलाई पनि नगरौं।**


## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ।



सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५



## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



9825927477 / 9806090781
9849504771 / 9842695884

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।


भाखा, भुल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो इन्द्रै विन्ती गरून् झुकेर पदमा त्यो विन्ती सुन्दैन त्यो
ठूलो, सानो समान उसका भेदभाव जान्दैन त्यो आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो।

## भावपूर्ण श्रद्धाञ्जलि/समवेदना

हाम्रा छोरा/श्रीमान/बुबा **अर्जुन वान्तवा राई**को यही मिति २०७९ साल मंसीर १७ गते शनिबार ५२ वर्षको उमेरमा भएको असामयिक निधनले हामीलाई अत्यन्त शोक विह्वल र मर्माहत तुल्याएको छ। छोरा/श्रीमान/बुबा वियोगको यस दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामनासहित आज तेस्रो दिनको पुण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

साथै निम्न मिति, समय र स्थानमा हुने **शुद्धयाइँ** कार्यमा सहभागी भई दिनहुन हाम्रा आफन्तजन, इष्टमित्र, कुलकुटुम्ब, छरछिमेक, नातागोता र समस्त मलामीजनमा हार्दिक तथा विनम्रतापूर्वक निमन्त्रणा गर्दछौं।

**मितिः** २०७९ साल मंसीर २१ गते बुधबार
**समयः** विहान ११:०० बजेदेखि
**स्थानः** निजी निवास, नेपाल विद्युत् प्राधिकरण शनिश्चरे उपवितरण केन्द्रको कार्यालय पछाडि, अर्जुनधारा-८ (झापा)
**सम्पर्कः** ९८१७०६६२४८/९८२८७५५९९८



**स्व. अर्जुन वान्तवा राई**
**जन्म : वि.सं. २०२७ कात्तिक २१**
**निधन : वि.सं. २०७९ मंसीर १७**

आमाबुबाः **आसबहादुर+कमला वान्तवा राई**
श्रीमतीः **शान्ता लिम्बू राई** छोरीः **अनुषा वान्तवा राई**

एवम् **समस्त वान्तवा राई परिवार**
**अर्जुनधारा नगरपालिका-८, झापा**


## UAE र KUWAIT को KFC RESTURENT मा रोजगारीको सुवर्ण अवसर

कम्पनी : KFC RESTURANT देश : DUBAI L.T. No. : 267376

| सि.नं. | पद | संख्या | तलब | खाना/बस्न | काम | करार |
|---|---|---|---|---|---|---|
| 1. | Team Members (महिला) | 120 | 1200/- AED | छ/छ | ८ घण्टा २६ दिन | २ बर्ष |
| 2. | Team Members (पुरुष) | 50 | 1200/- AED | | | |

उमेरः १९ वर्षदेखि ३० वर्षसम्मको हुनुपर्नेछ। अंग्रेजी राम्रोसँग बोल्न सक्ने हुनुपर्नेछ।

कम्पनी : KFC RESTURANT देश : KUWAIT


| सि.नं. | पद | संख्या | तलब | खाना/बस्न | काम | करार |
|---|---|---|---|---|---|---|
| 1. | Cleaner (महिला) | 120 | 120/- KD | छ/छ | ८ घण्टा २६ दिन | २ बर्ष |

उमेरः ३० वर्षदेखि ३२ वर्षसम्मको हुनुपर्नेछ। सामान्य अंग्रेजी बोल्न सक्ने हुनुपर्नेछ।
अन्तरवार्तामा आउँदा सक्कल राहदानी, एकप्रति पासपोर्ट साइजको फोटो लिएर आउनुपर्नेछ।

**यसको फाइनल अन्तरवार्ता मंसीर २३ गते (09 Dec.) शुक्रबार बिर्तामोड सिद्धार्थ होटलमा हुँदैछ।**

## साउन्ड लाइन्स रिक्रुटमेन्ट प्रा.लि.

**शाखा कार्यालय बिर्तामोड, झापा विनायक होटल छेउ**
**सम्पर्क :**
023-546663, 9826969623, 9817978774,
9808465610, 9814984440

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
आज तपाईको खर्च बढेर जाने हुनाले मन खिन्न रहनेछ, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला।

**बृष (इ, उ, ए, ओ, ब ।, बि, बु, बे, बो) -**
तपाईको दिन समय फलदायी रहेको छ, चिठ्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
तपाईको आज मन अशान्त र निराश रहन सक्छ, गुप्ताङ्गमा समस्या देखापर्न सक्छ, व्ययभार धान्न नसकेर मन चिन्तित रहला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले धप ऊर्जा मिल्नेछ, स्वास्थ्यले राम्रो साथ दिने समय रहेको छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
समयमा होस नपुग्नाले व्यवाहारमा पछि परिएला, आफ्नाबाट टाढिनुपर्ने स्थिति आउन सक्छ, अवसरका लागि निक्कै दौडधुप गर्नुपर्ने समय रहेको छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
समय अनुकूल देखिन्छ, मिष्ठान्न भोजन मिल्नेछ। छोटो दुरीको यात्रा हुनेछ, विपरीत लिङ्गीको सहयोग प्राप्त हुनेछ, मन प्रशन्न रहला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
जुनसुकै काम गरे पनि आजको दिन सिद्ध भएर जाने योग रहेको छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, दिनभर मन प्रशन्न रहला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, आज तपाईको मन हर्षित हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् धैर्य रहनुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, आज अलिक सतर्क रहनुहोला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, आयआर्जनको स्रोत बढ्नेछ, माया प्रेमको डोरो कसिलो भएर जाने योग रहेको छ।